# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## रेडक्रसग्राम, चितवन

बागमती प्रदेश,नेपाल

प.सं.०७९/८०
च.नं.४५५४

मिति :- २०८०/०२/१८

विषयः आ.व. २०७९/८० को भुक्तानी तथा खाता बन्द सम्बन्धमा ।

श्री वडा कार्यालयहरु सबै,
श्री विषयगत शाखाहरु सबै,
श्री सम्पूर्ण उपभोक्ता समितीहरु,
श्री सम्पूर्ण संघसंस्था तथा सरोकारवालाहरु,
कालिका नगरपालिका, चितवन ।

प्रस्तुत विषयमा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३०(१) अनुसार भुक्तानी दिनुपर्ने रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा सात दिन अगावै भुक्तानी दिई लेखा अध्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नुपर्ने व्यवस्था भए बमोजिम यस नगरपालिकाबाट संचालित आ.व. २०७९/०८० को सम्पूर्ण कार्यक्रमहरुको २०८०/०३/१५ भित्र कार्य सम्पन्न गरी रकम भुक्तानीको लागि माग गर्नुहुन अनुरोध गरिन्छ । तोकिएको मिति पश्चात पेश भएका कागजातको हकमा रकम भुक्तानी गर्न कालिका नगरपालिका जिम्मेवार नहुने र सो रकम फ्रिज हुने जानकारी गराइन्छ ।

आर्थिक वर्षको अन्तिम सात दिनभित्र कर दाखिला गर्ने, नेपाल सरकार र प्रदेश सरकारलाई फिर्ता गर्नुपर्ने रकम फिर्ता गरी सोको बैंक भौचर कोलेनिकामा बुझाउने र आ.व. ०७९/८० को सम्पूर्ण कारोबारहरुको हिसाब मिलान गरी संघीय सरकार, प्रदेश सरकार लगायतका निकायमा प्रतिवेदन पठाउने समेतका कार्यहरु आ.व समाप्त हुनुभन्दा अगावै गरिसक्नुपर्ने बाध्यात्मक कानुनी व्यवस्था भएकोले २०८०/०३/१५ भित्र भुक्तानीको लागि कागजात पेश हुन नआएमा कार्यालय भुक्तानी दिन असमर्थ हुने हुँदा समय सीमा भन्दा पछि भुक्तानी माग गरेको कारणले भुक्तानी नभएमा कार्यालय जवाफदेही नहुने र स्वयं सरोकारवाला नै जिम्मेवार हुने व्यहोरा सबैमा जानकारीको लागि अनुरोध छ ।

केशवप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

☎ ०५६-४१३१३६/४१३१३७ E-mail: kalikanagarpalika@gmail.com Website: kalikamun.gov.np

# कालिका नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
रेडक्रसग्राम चितवन

बागमती प्रदेश,नेपाल

<u>सादर अवगतार्थः</u>

श्रीमान् नगर प्रमुख ज्यू  कालिका नगरपालिका ।

श्रीमान् नगर उपप्रमुख ज्यू कालिका नगरपालिका ।

<u>बोधार्थः</u>

**योजना शाखाः** सम्पूर्ण उपभोक्ता समितिहरु तथा निर्माण व्यवसायीको २०८०/०३/१५ सम्म गरेको कामको असार २० गतेभित्र भुक्तानी प्रक्रिया अगाडी बढाउनुहुन।

**पूर्वाधार शाखाः** सम्पूर्ण सम्पन्न भएको कामको २०८०/०३/१५ भित्र मुल्यांकन गरि पेश गर्नु हुन ।

**शिक्षा शाखाः** सम्पूर्ण विद्यालयहरुलाई २०८०/०३/१५ भित्र भुक्तानी माग गर्न ताकेता गर्नुहुन।

**वडा कार्यालयहरुः** वडा भित्र सम्पन्न भएको सम्पूर्ण कार्यहरुको फरफारक २०८०/०३/१५ भित्र सक्नुहुन ।

**सम्पूर्ण विद्यालयहरूः** २०८०/०३/१५ मित्र सम्पूर्ण योजनाहरुको फरफारक गर्नु हुन।

**सम्पूर्ण उपभोक्ता समितिहरुः** २०८०/०३/१५ भित्र योजनाको फरफारक गर्नु हुन ।

**सूचना प्रविधि शाखाः** सम्पूर्ण सरोकारवालाहरुलाई सूचना समप्रेषण गर्नुहुन।

(ऋषि प्रसाद कडुवाल)
वरिष्ठ लेखा अधिकृत

(केशवप्रसाद उपाध्याय)
प्रमुख प्रशासकीय अधिकृत

केशवप्रसाद उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत

☎ ०५६-४१३१३६/४१३१३७ E-mail: kalikanagarpalika@gmail.com Website: kalikamun.gov.np